# श्री वीरेन्द्र माध्यमिक विद्यालय

बाँफिकोट-४, रुकुम (पश्चिम)

## (क्याटलग सपिङ) विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मिति: २०८१/०५/०६

प्रस्तुत बिषय सम्बन्धमा एक (१) थान ३६ Seater School Bus खरिद कार्यका लागि यस श्री बीरेन्द्र माध्यमिक बिद्यालयको मिति २०८१/०४/२२ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरुलाई मिति २०८१/०४/२९ गते बसेको बि.व्य.स. बैठकको निर्णयानुसार आर्थिक तथा प्राबिधिक प्रस्ताब पेश गर्नका लागि सूचना जारी गरिएकोमा पुन: दोस्रो पटक सूचना जारी गर्नको लागि मिति २०८१/०५/०५ गते बसेको खरिद समितिको बैठकको निर्णयानुसार सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को (८) र सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ३१ (ख) मा भएको ब्यबस्थाको अधिनमा रही सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक बा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यबिधि, २०७४ को नियम ९ (ख) बमोजिम ७ दिनभित्र यस कार्यालयमा शिलबन्दीसहित प्रस्ताब पेश गर्नुहुन अनुरोध गरिन्छ । थप जानकारीका लागि यस बिद्यालयको सूचना अधिकारी श्री शशीराम दहाल ९८६३११७३४० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

प्रधानाध्यापक



**रोपाईं जात्रा** : नेवार सेवा समितिको आयोजनामा बुधबार घोराही बजारमा रोपाईंजात्रा गरिएको छ। समितिका अध्यक्ष विमलमान श्रेष्ठ नेतृत्वको समूह बजारका मुख्य सडक र चोकमा नाच्दै हिँडेको थियो। नेवारी पोशाकमा सजिएकाहरुले धान रोपेको शैलीमा नाच प्रस्तुत गरेका थिए।

*तस्विर : गोविन्द खड्का*

# स्वास्थ्य मन्त्रालय र आविष्कार केन्द्रबीच सम्झौता

**युगबोध समाचारदाता**

काठमाडौं, ५ भदौ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच संघीय सरकार मातहतका १७ अस्पतालमा रहेका उपकरणको मर्मत सम्भार र व्यवस्थापन गर्नेलगायतका विषयमा सहकार्य गर्ने सम्झौता भएको छ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलको उपस्थितिमा मन्त्रालयमा आइतबार आयोजित कार्यक्रममा मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. मदन उपाध्याय र आविष्कार केन्द्रका तर्फबाट अध्यक्ष डा. महावीर पुनबीच त्यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सो अवसरमा स्वास्थ्यमन्त्री पौडेलले राज्यमा उपलब्ध सीमित स्रोत साधनका बीच स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गर्न उपकरणलाई चुस्त र व्यवस्थित तुल्याउनुपर्ने भएकाले केन्द्रसँग सहकार्य गर्न लागिएको बताउनुभयो।

मन्त्री पौडेलले भन्नुभयो- 'हामीले साधन स्रोत बढाएर तत्काल आवश्यकता अनुसारका उपकरण खरिद गर्नसक्ने अवस्था छैन, त्यसकारण अहिले हामीसँग भएका उपकरणलाई बढीभन्दा बढी प्रयोगमा ल्याउने सन्दर्भमा गरिएको सम्झौता महत्वपूर्ण प्रयास रहेको छ।' अस्पतालमा प्रयोग हुन नसकेर थन्किएका उपकरणलाई प्रयोगमा ल्याउन सकिएमा नयाँ खरिद गर्न लाग्ने ठूलो खर्च जोगिने उल्लेख गर्दै मन्त्री पौडेलले थोरै खर्चमा त्यस्ता सामग्री मर्मत र व्यवस्थापन गर्ने कामको थालनी भएको बताउनुभयो। 'मर्मत र अरु ढङ्गले उपयोगमा ल्याउन नसकिने सामग्री अस्पतालमा छन्, प्रयोगमा आउने र नआउने छुट्याएर सोही अनुरुप व्यवस्थापन गर्न जरुरी छ। त्यो काम गर्दा अस्पताल सफा हुने र कम खर्चमा उपकरण प्राप्त हुने भएका कारण आविष्कार केन्द्रसँग सहकार्य गर्न लागिएको हो'- उहाँले भन्नुभयो।

मुलुकको प्रसिद्ध र स्थापित संस्था तथा विश्वास आर्जन गरिरहेको नेतृत्वलाई मन्त्रालयको महत्वपूर्ण कामको जिम्मेवारी दिन पाएकोमा खुशी व्यक्त गर्दै मन्त्री पौडेलले सहकार्यको संस्कारले स्वदेशी संस्था र जनशक्तिलाई राज्यले विश्वास गरेको देखिने बताउनुभयो। सो अवसरमा केन्द्रका अध्यक्ष पुनले स्वास्थ्य क्षेत्र सुधारका सन्दर्भमा आविष्कार केन्द्रले अर्को महत्वपूर्ण जिम्मेवारी पाएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो- 'यो जिम्मेवारी भनेको संघीय सरकारअन्तर्गत रहेका अस्पतालमा बिरामीको स्वास्थ्य परीक्षण गर्ने बायोमेडिकल उपकरण मर्मत गर्ने तथा ती उपकरणको अवस्था के-कस्तो छ भनी एकिन गर्ने हो।'

ती अस्पतालमा रहेका उपकरण के-कति प्रयोगमा आउन सक्ने र कुन अवस्थामा छन् भनी एकिन गर्ने तथा बनाउन सकिने र नसकिने पहिचान गर्ने कार्य केन्द्रले गर्नेछ। मर्मत गर्न सकिने भए बनाउने र नसकिने भए सोही अनुसारको रायसुझाव आविष्कार केन्द्रले मन्त्रालयलाई दिनेछ। 'स्वास्थ्य मन्त्रालयले आविष्कार केन्द्रलाई ठूलो जिम्मेवारी दिएको छ'- अध्यक्ष पुनले भन्नुभयो- 'हामीले पाएको जिम्मेवारी नागरिकको स्वास्थ्यसँग सम्बन्धित छ। उपकरणलाई ठीक अवस्थामा राख्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ। लाखौं नागरिकले यसको सेवा लिन सक्छन्। त्यसैले यो सानोतिनो जिम्मेवारी होइन।'

केन्द्रले क्षमताले भ्याएसम्म इमान्दारीपूर्वक कुनै छलछाम नगरिकन राष्ट्र र जनताको सेवा गर्ने प्रतिबद्धता जनाउँदै अध्यक्ष पुनले नौलो र बृहत् क्षेत्र भए पनि विगतका अनुभवले काम पुरा गर्ने विश्वास व्यक्त गर्नुभयो। सम्झौताअनुसार आविष्कार केन्द्रका प्रतिनिधि सबै अस्पतालमा गएर त्यहाँ प्रयोग नभएका र सूचीकृत भएका सामानको पहिचान गरी सोही अनुरुपको प्रतिवेदन दिनेछन्। आफै बनाउन के कति मूल्य र पार्टपूर्जा चाहिन्छ त्यसको अभिलेख तयार गरिने छ। यस्ता काम आगामी दिनमा केन्द्रमार्फत नै अगाडि बढ्ने भएकाले उपकरण व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने मन्त्रालयले जनाएको छ। सरकारको एउटा मन्त्रालयले प्राविधिकरुपमा काम गराउन आविष्कार केन्द्रलाई विश्वास गर्न शुरु गरेको छ। केन्द्रलाई राज्यले विश्वास गरेको, उपकरण प्रयोगमा आउनसक्ने सम्भावना बढेको हुँदा स्वास्थ्य क्षेत्रको खर्चको लागत घटाउन र प्राविधिक जनशक्तिको उपयोग हुनेछ।

सम्झौतापत्र कार्यान्वयन भएसँगै करोडौं मूल्य पर्ने तर सामान्य मर्मत नगरिदा स्वास्थ्य क्षेत्रमा प्रयोगमा नआएका उपकरण प्रयोगमा आउने, सामान्य मर्मतपछि ती उपकरण सञ्चालनमा आउँदा नयाँ खरिद गर्नु नपर्ने तथा स्वदेशी जनशक्ति, स्रोत र साधन प्रयोग हुने विश्वास लिइएको छ।

# 'भ्रष्टाचार निवारण विधेयक चाँडो टुङ्ग्याऔं'

**युगबोध समाचारदाता**

काठमाडौं, ५ भदौ। गृहमन्त्री रमेश लेखकले भ्रष्टाचार निवारणसम्बन्धी ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकलाई चाँडै समितिबाट टुंग्याइदिन आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा उक्त विधेयकमाथिको छलफलका क्रममा उहाँले समितिको संशोधन सरकारलाई स्वीकार्य भएको बताउनुभयो। 'समितिमा छलफलका क्रममा महत्वपूर्ण विषय पहिचान भएका छन्, अब समितिबाट जतिसक्दो छिटो पारित होस्, भ्रष्टाचारसम्बन्धी विषय निकै गम्भीर छ'- गृहमन्त्री लेखकले भन्नुभयो- 'समितिमा धेरै छलफल भइसकेको छ, पहिचान भएका विषयलाई दफावार छलफलका माध्यमबाट निष्कर्षमा पुग्दा उचित हुन्छ।' विधेयकका सम्बन्धमा समितिमा भएको छलफलबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विस्तार गर्ने कि नगर्ने, उजुरीकर्ताको पहिचान हुनुपर्ने कि नपर्ने, हदम्यादसम्बन्धी व्यवस्था, स्वार्थ बाझिएको विषय, महत्वपूर्ण निर्णय गर्न ढिलाइ गर्ने पदाधिकारीमाथि के कारवाही हुने, अनुचित कार्यको कारवाहीको व्यवस्था लगायतका विषय पहिचान भएको उहाँको भनाइ छ।

'यी विषय दफावार छलफलका क्रममा टुङ्ग्याउनु उचित हुन्छ'- गृहमन्त्रीले भन्नुभयो- 'दफावार छलफलमा प्रवेश गरेपछि दफा/दफामा सरकारले आफ्नो धारणा राख्छ।'- उहाँले छलफलका क्रममा सरकारले आफ्नो धारणा र विषय राखे पनि अन्तिम निर्णय गर्ने अधिकार समितिकै भएको स्पष्ट पार्नुभयो। 'भ्रष्टाचार निवारणसम्बन्धी ऐनको अत्यन्त ठूलो महत्व छ, भ्रष्टाचार निकै संवेदनशील विषय पनि हो'- गृहमन्त्रीले भन्नुभयो- 'चाँडै समिति र सभाबाट पारित भएर लागू गर्न सकियोस् भन्ने सरकारको अपेक्षा हो।'


## अफिसमा जागिर खुल्यो

अनुभवसँगै अवसर

**योग्यता:** SEE र सो भन्दा माथि
**काम:** Sales Management
**तलव:** 32,500/– सम्म र भाडा
**स्थान:** दाङ जिल्लाभरि

सम्पर्क नं. :
9708279884, 9843523810

नोट : काम आवश्यक र इच्छुक व्यक्तिले मात्र सम्पर्क गर्नुहोला।



## अब जिम घरमै...

अब दिन्छौ तपाईँलाई हामीले सेवा

सम्पूर्ण GYM तथा Fitness सामग्री अब दाङमै

- HOME GYM
- दौड्ने मेसिन (Tread mill)
- Fitness ड्रेस
- Diet (पोषण)
- GYM Ball
- Wall Pull up
- Bench Press
- Dumbbell
- Fitness Wear




Diet खरिद गर्दा डिलरभन्दा बाहिरबाट नकिन्नुहोला।
नक्कली सामानबाट बच्नुहोला।

Diet नेपाल र Body Building Store को आधिकारिक डिलर

All about Diet and fitness Equipment Showroom

१००% ग्यारेन्टी

ग्लोबल फिटनेश & स्पोर्ट्स

(सहिदगेट बजाज शोरुमको छेउमा) घोराही, दाङ ०८२-६९५१९६, ९८४४९५०६१९, ९८१८२६६७२०

कर्णाली विकास बैंक भएको भवन क लाइन तुलसीपुर, दाङ फोन : ०८२-५२२८२०, ९८४७८९१२५४

कम्पनीको आधिकारीक डिलरबाट मात्रै सामान खरीद गर्नुहोला।

www.facebook.com/globalfitness&luza



## श्री वीरेन्द्र माध्यमिक विद्यालय

बाँफिकोट-४, रुकुम (पश्चिम)

### (क्याटलग सपिङ) विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मिति: २०८१/०५/०६

प्रस्तुत विषय सम्बन्धमा एक (१) थान ३६ Seater School Bus खरिद कार्यका लागि यस वी बीरेन्द्र माध्यमिक विद्यालयको मिति २०८१/०४/२२ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरुलाई मिति २०८१/०४/२९ गते बसेको वि.व्य.स. बैठकको निर्णयानुसार आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि सूचना जारी गरिएकोमा पुनः दोस्रो पटक सूचना जारी गर्नको लागि मिति २०८१/०५/०५ गते बसेको खरिद समितिको बैठकको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को (८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ को नियम ९ (ख) बमोजिम ७ दिनभित्र यस कार्यालयमा शिलबन्दीसहित प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। थप जानकारीका लागि यस विद्यालयको सूचना अधिकारी श्री शशीराम दहाल १८६३११७३४० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

प्रधानाध्यापक


## स्थानीय....

कार्यालयमा रहँदा के-के काम गऱ्यो भन्ने कुरा प्रष्ट थाहा हुने भयो। अनि कर्मचारीको काममा पारदर्शीता देखिने भयो'- उहाँले भन्नुभयो- 'कुनै कर्मचारीले धेरै काम गर्ने, खटिरहने तर कुनै कर्मचारीले कामनै नगरेर हल्लिने भन्ने जुन आरोप छ, त्यसलाई घटाउँछ भन्ने हो।' स्थानीय तहबाट १२ औं तहको कर्मचारी बढुवा हुन सक्ने, आफै प्रमुख प्रशासकीय अधिकृत राख्न सक्नेसम्मको अधिकार विधेयकले दिएको छ।

यस्तै स्थानीय तहका कर्मचारीलाई प्रदेशभित्रका कुनै स्थानीय तहमा मन्त्रालयले सरुवा गर्न सक्ने, स्थानीय तहका कर्मचारी सरुवा भई जाँदा दुबै पालिकाको अनुमति नचाहिने व्यवस्था राखिएको छ। हाल अन्तरपालिका सरुवा हुन खोज्दा दुबै पालिकाको अनुमति चाहिने प्रावधान छ। बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रतिनिधिको रुपमा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले प्रदेश विपत् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेश गर्नुभयो।

**निराशालाई चिर्नेगरी कार्यक्रम ल्याउन सुझाव**

बुधबारको बैठकमा विशेष समयमा बोल्दै प्रदेशसभा सदस्यहरुले सरकारले जनतामा आशा जगाउनेगरी काम गर्न आग्रह गरेका छन्। प्रदेशसभा सदस्य विष्णु पन्थीले सरकारले जनतामा बढ्दै गरेको निराशालाई चिर्नेगरी कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो।

प्रदेशसभा सदस्य निर्मलादेवी चौधरीले डिभिजन कार्यालयहरुले बजेट कार्यान्वयनमा उदासिनता देखाउने गरेको बताउनुभयो। प्रदेशसभा सदस्य नवराज लामिछानेले आर्थिक वर्षको अन्त्यमा मात्रै बजेट सक्न तालिम गोष्ठी हुने प्रवृत्ति रहेको भन्दै आलोचना गर्नुभयो। प्रदेशसभा सदस्य मीनाकुमारी श्रेष्ठले एकीकृत जलासय प्रणाली निर्माण गरेर प्रदेशमा हुने डुबानको समस्या समाधान गर्न आग्रह गर्नुभयो। प्रदेशसभा सदस्य रेखाकुमारी शर्माले संघीयताप्रति माया जगाउने गरी सरकारले काम गर्नुपर्ने बताउनुभयो। प्रदेशसभा सदस्य तारा थापाले प्रदेशमा संघीय सरकारले पठाउने समानिकरण बजेट प्रदेशमा नआएको बारेमा जवाफ दिनुपर्ने बताउनुभयो। गत वर्षको दुई अर्ब १८ करोडको भुक्तानी कहिले हुन्छ भनेर प्रश्न गर्नुभयो।

प्रदेशसभा सदस्य दीपेन्द्रकुमार पुन मगरले मुलुकमा चौतर्फी संकट देखिएको बताउनुभयो। राजनीतिक, सामाजिक, सांस्कृतिकलगायतको अराजकता बढ्दै गएकोप्रति टिप्पणी गर्नुभयो। प्रदेशसभा सदस्य डिल्लीराज भुसालले प्रदेश सरकारले १२ जिल्लाका गरिब, विपन्न जनतालाई ध्यानमा राखेर कार्यक्रम बनाउन सुझाव दिनुभयो। पहिरोले जोखिममा परेका गुल्मी जिल्लाका नागरिकलाई प्राथमिकता दिएर काम गर्न आग्रह गर्नुभयो।

# चटपटे बेचेर आत्मनिर्भर बन्दै

**युगबोध समाचारदाता**



घोराही, ५ भदौ। मकैबाट पनि चटपटे बनाइन्छ भन्दा आश्चर्य लाग्नसक्छ। देशका अधिकांश स्थानमा भुटेका चना, भुजा, चाउचाउलगायत खाद्यपदार्थ मिसाएर बनाइने चनाचटपटे मकैबाट पनि तयार गर्न सकिन्छ भन्ने सबैलाई थाहा छैन। तर दाङको देउखुरी क्षेत्रमा व्यावसायिक रूपमा मकैखेती हुने भएकाले सारती अधिकारीले मकैचटपटे बेच्दै आउनुभएको छ। राप्ती गाउँपालिका-३ मसुरिया निवासी अधिकारी मकैको चटपटेबाट आम्दानी पनि प्रशस्त गर्दै आउनुभएको छ।

शुरुमा आफूले पनि भुजा, चाउचाउको चनाचटपटे बनाउने गरेको तर पछि यसमा प्रयोग हुने मेसिन र तालिम गाउँपालिकाबाट निःशुल्क पाएपछि नयाँ काम शुरु गरेको बताउनुभयो। 'घरमा त्यसै बस्नुभन्दा व्यवसायमा जोडिएपछि दुई-चार पैसा आवश्यक परेका बेला अरुसँग माग्नुपर्ने बाध्यताको अन्त्य भएको छ'- उहाँले भन्नुभयो। चटपटे बनाउन प्रयोग गरिने मेसिन निःशुल्क पाएपछि अझ सहज भएको उहाँ बताउनुहुन्छ। मेसिन मकै उसिन्ने, अचार बनाउनेलगायत काममा प्रयोग हुने गरेको छ। अन्यको भन्दा मकैको चटपटे सबैले मन पराएर खाइदिने हुँदा व्यवसाय गर्न हौसला पनि उहाँमा बढ्दै गएको छ। २८ वर्षीया सारती सोही वडाको खुरुरिया पुलनिर विगत चार वर्षदेखि चटपटेसँगै पानी पुरीको व्यवसाय पनि गर्दै आउनुभएको छ।

यो व्यवसायबाट दैनिक रु. एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी हुने उहाँले बताउनुभयो। मासिक रु.२०-२५ हजार बढीको कारोबार गर्दै आएको उहाँले बताउनुभयो। 'मासिक रु. १०-१२ हजार बचत हुने गरेको छ'- उहाँले भन्नुभयो। अघिपछिको तुलनामा शनिबार अझ अलि बढी व्यापार हुने उहाँले बताउनुभयो।

# छोरीलाई पाँच हजारसहितको बैंक खाता उपहार

**युगबोध समाचारदाता**

नवलपरासी, ५ भदौ। नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले हालसम्म दुई सय ५६ जना बालिकालाई रु. पाँच हजारसहितको बैङ्क खाता उपहार दिएको जनाएको छ। गाउँपालिकाले 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रममार्फत चार वर्षमा सो संख्यामा बालिकाको बैङ्क खातामा रकम जम्मा गरिदिएको हो।

आर्थिक वर्ष २०७७/७८ देखि शुरु गरिएको उक्त कार्यक्रममार्फत गाउँपालिकामा जन्म लिने छोरीहरूको बैङ्क खातामा रकम जम्मा गर्न शुरु गरिएको थियो। हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले हालसम्म त्यसप्रकारका बैंक खातामा रु. १२ लाख ८० हजार जम्मा भइसकेको जानकारी दिनुभयो। 'आर्थिक वर्ष २०७७/७८ मा ३८, आव २०७८/७९ मा ५९, आव २०७९/८० मा ९७ जना र आव २०८०/८१ मा ६२ जना बालिकाको बैङ्क खातामा रकम जम्मा गरिएको छ'- उहाँले भन्नुभयो- 'वडा कार्यालयमा जन्मदर्ता गराएपछि छोरीका नाममा बैङ्क खाता खोल्ने र त्यसमा गाउँपालिकाले रु. पाँच हजार र अभिभावकलाई पनि रु. पाँच हजार जम्मा गर्नुपर्ने व्यवस्था गरेका छौं।'

छोरीका नाममा हुने बैङ्क खाताको संरक्षक अभिभावक हुनेछन्। उक्त रकम उच्च शिक्षा अध्ययनका बेला उपयोग हुने अपेक्षासहित उक्त कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष पाण्डेले बताउनुभयो। 'यसरी बैङ्कमा जम्मा हुने रकमले छोरीको सुनौलो भविष्यका लागि बचत गर्ने बानीको विकास हुनुका साथै अध्ययन तथा अन्य कार्यका लागि छोरीलाई सक्षम बनाउन प्रोत्साहन हुने अपेक्षा छ'- उहाँले भन्नुभयो- 'छोरी जन्मदा खुशी नहुने समाजमा छोरीप्रति सम्मान र आत्मनिर्भरताको विकास गर्नुका साथै भ्रूण हत्या रोक्नका लागि पनि यो अभियान शुरु गरिएको हो।'

उक्त कार्यक्रम सञ्चालनपछि शिशुको नामकरणपछि समयमै जन्मदर्तासँगै बैङ्क खाता खोल्न जुट्ने गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले बताउनुभयो। 'छोरी जन्माउने अभिभावक खुशी हुँदै गाउँपालिका र बैङ्क जाने गरेको पाएका छौं'- उहाँले भन्नुभयो- 'छोरीप्रतिको सम्मान र भविष्यको सुनिश्चितताका लागि पनि यसले केही सन्देश दिएको छ।'

हुप्सेकोट गाउँपालिकाले 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रम कार्यविधिमार्फत यसका लागि केही शर्तहरू पूरा गर्नुपर्ने मापदण्ड पनि बनाएको छ। कार्यक्रमबाट सुविधा लिनका लागि हुप्सेकोट गाउँपालिकाभित्र स्थायी बसोबास गरेका गर्भवतीले नियमित स्वास्थ्य परीक्षण गरेको, अस्पतालमा सुत्केरी भएको हुनुपर्नेछ। उक्त कार्यक्रमपछि उमेर पुगेपछि बच्चा जन्माउने, नियमित स्वास्थ्य चौकी आएर गर्भ परीक्षण गर्ने, अस्पतालमा नै सुत्केरी हुने, बच्चाको समयमै जन्म दर्ता गरिदिनेलगायतका काम शुरु भएको प्रमुख प्रशासकीय अधिकृत पराजुलीले बताउनुभयो।

## इनार....

थियो। उनीहरुको उद्धारका लागि इलाका प्रहरी कार्यालय तुलसीपुरबाट प्रहरी निरीक्षक दामप्रसाद श्रेष्ठको नेतृत्वमा आठ सुरक्षाकर्मी परिचालन गरिएका थिए। त्यसपछि नेपाली सेनाको अम्बापुर बेस क्याम्पको टोलीले विक र नेपालीलाई इनारबाट बाहिर निकालेको थियो। दुबैजनालाई उपचारका लागि तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल लगिए पनि ज्यान जोगाउन नसकिएको प्रहरी नायव उपरीक्षक पोखेलले बताउनुभयो।


## घर भाडामा लिने सम्बन्धी सूचना !

यस नेशनल लाईफ इन्स्योरेन्स कं.लि.को रोल्पा शाखा कार्यालयको लागि रोल्पाको मुख्य सडकको ३०० मी. परिधिमा RCC System बाट निर्माण भएको फ्ल्याट भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले आफूले चाहेको मासिक बहाल रकम (कर सहित, कर बाहेक) उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तल उल्लेखित ठेगानामा लालपूर्जा, नक्सापास, घरधनीको नागरिकता इत्यादी आवश्यक कागजातहरुसहित घर भाडा सम्बन्धी प्रस्ताव पठाउनुहुन अनुरोध गरिन्छ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE CO. LTD.
रोल्पा कार्यालय फोन नं.: ०८६४४०२८१



## विपद व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं।
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं।
- उद्दार, राहत, पुनर्स्थापना, पुनर्लाभ सहभागी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## श्री महेन्द्र माध्यमिक विद्यालय धर्ना

घोराही-५, दाङ

### विद्यालय सहयोगीको आवश्यकता

यस श्री महेन्द्र माध्यमिक विद्यालय धर्नाको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०५।०४ गतेको निर्णय तथा घोराही उपमहानगर पालिका सामाजिक विकास महाशाखा घोराही, दाङको च.नं. ४९ (शिक्षा), मिति २०८१।०५।०४ को अनुमति पत्र अनुसार यस विद्यालयका लागि एक जना विद्यालय सहयोगीको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

**विज्ञापन नं.** : ०४।०८१।०८२ **विज्ञापन मिति**: २०८१/०५/०६
**पद**: विद्यालय सहयोगी **माग संख्या**: १
**शैक्षिक योग्यता**: कक्षा ८ उत्तीर्ण
**उमेर**: १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको
**आवेदन दस्तुर**: १०००।- **परीक्षाको किसिम**: लिखित तथा मौखिक
**तलव स्केल**: स्थानीय तहले तोके अनुसार
**आवश्यक कागजातहरू**: हस्तलिखित निवेदन, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी
**आवेदन दिने अन्तिम मिति**: २०८१।०५।१२ गते बेलुका ४ बजेसम्म।
**अन्य जानकारीका लागि सम्पर्क नं.**: ९८५७८३२८४१

प्रधानाध्यापक



## BSc र BBS प्रथम वर्षमा भर्ना खुल्यो !

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

पद्मोदय क्याम्पस

घोराही-१७ चौघेरा, दाङ
सम्पर्क: ०८२-५९०७५४, ९८५७८६३५७४, ९८४७८५७०४६

*BBS र BSc पढाइ हुने लुम्बिनी प्रदेशको एक मात्र सामुदायिक क्याम्पस*

यस पद्मोदय क्याम्पसमा स्नातक तह BBS र BSc मा शैक्षिक वर्ष २०८१/०८२ का लागि प्रथम वर्षमा भर्ना खुलेको जानकारी गराइन्छ।

सुविधाहरू :

- BSc अध्ययन गर्ने छात्राहरुलाई प्रदेश सरकारद्वारा छात्रवृत्तिको व्यवस्था।
- गरिब, जेहेनदार, दलित, अल्पसंख्यक, अपाङ्ग र द्वन्द्वपीडित परिवारका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था।
- भर्ना र मासिक शुल्क अन्य क्याम्पसको तुलनामा सर्बसुलभ भएको।
- Library बाट निःशुल्क पुस्तक उपलब्ध गराइने।
- अत्याधुनिक विज्ञान प्रयोगशालाको व्यवस्था।
- यातायातको सुविधा (घोराही बजार, नारायणपुर, हापुर भाइरलरोड, कर्जाही, गुरुवागाउँ।
- BSc अन्तर्गत खोज तथा अनुसन्धानमुलक अध्ययनमा जोड दिइने।
- नियमित कक्षा सञ्चालन तथा आन्तरिक परीक्षा गराइने।
- दक्ष तथा अनुभवी प्राध्यापकद्वारा प्रध्यापन गराइने।


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोख्रेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com

श्री वीरेन्द्र माध्यमिक विद्यालय
**Shree Birendra Secondary School**
(प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्‌बाट सम्वन्धन प्राप्त)
सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम
बाँफिकोट - ४, रुकुम (पश्चिम) **Banphikot - 4, Rukum (West)**
स्था: २०१३ (Estd:2013)

प.स. : ०८१ / ८२
च.न : ४५

मिति : २०८१/०५/०६

विषय : (क्याटलग सपिङ) विधि बाट सवारी साधन खरिद सम्वन्धमा सूचना ।
दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/०६

श्री जो जससँग सम्वन्धित छ ।

प्रस्तुत विषय सम्वन्धमा एक (१) थान ३६ **Seater School Bus** खरिद कार्यका लागि यस श्री वीरेन्द्र माध्यमिक विद्यालयको मिति २०८१/०४/२२ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरुलाई मिति २०८१/०४/२९ गते बसेको वि.व्य.स. बैठकको निर्णयानुसार आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि सूचना जारी गरिएकोमा पुन: दोस्रोपटक सूचना जारी गर्नको लागि मिति २०८१/०५/०५ गते बसेको खरिद समितीको बैठकको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को (८) र सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ (ख) मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन , २०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ को नियम ९ (ख) बमोजिम ७ दिनभित्र यस कार्यालयमा शिलबन्दी सहित प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ ।

थप जानकारीका लागि यस विद्यालयको सूचना अधिकारी श्री शशीराम दहाल ९८६३११७३४० मा सम्पर्क गर्नुहुन ।

८१।५
प्रधानाध्यापक